# डेंगु ज्वरो सम्बन्धी अत्यन्तै जरुरी सूचनाः

बिगत केही दिनदेखि भरतपुर महानगरका विभिन्न वडाहरुमा लामखुट्टेको टोकाईबाट सर्ने डेंगु रोगको संक्रमण देखिएकोले उक्त संक्रमणबाट बच्नका लागि सम्पूर्ण नगरवासीहरुमा सजकता अपनाउनु हुन हार्दिक अनुरोध छ । साथै लामखुट्टेको बासस्थान खोजीगरी लार्भा नष्ट गर्ने अभियानमा महानगरबाट खटिनु भएका स्वास्थ्यकर्मी तथा स्वयमसेवकहरुलाई उक्त कार्यमाआवश्यक सहयोग गर्नुहुन समेत अनुरोध छ ।

*डेंगु ज्वरोबाट बच्ने उपायहरूः*

- पानीजम्ने टिनका डब्बाहरु,थोत्रो टायरहरु, खाली बट्टा, गमला, फुलदानीमा पानीजम्न दिनु हुँदैन ।
- पानीका टयाङ्कीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नु पर्दछ ।
- कुलर रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टितेल हाली दिनेसाथै जम्मा भएको पानी सफा गर्नुपर्दछ ।
- फुलदानीमा रहेको पानी हप्तामा दुई पटक फेरि दिनु पर्दछ ।
- लामखुट्टेको टोकाईबाट बच्न लामा बाहुला भएको लुगा लगाउनु पर्दछ ।
- सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुलको प्रयोग गर्नुपर्छ ।
- घरको झ्याल ढोकाहरुमा जाली राख्नु पर्दछ ।
- घर आँगन तथा वरपरको वातावरण सफा राख्नु पर्दछ ।
- घर वरिपरि भएका पानी जम्ने खाडलहरु पुर्नु पर्दछ र पानी जम्न दिनु हुदैन।

*पुनश्चःडेंगु ज्वरोडेंगुद्वारा सक्रंमित भएको **एडिस एजिप्टाईजातको** लामखुट्टेको टोकाईबाट सर्ने सरुवा रोग हो ।यस रोगको मुख्य लक्षण भनेको **एक्कासी उच्च ज्वरो** आउनु हो ।*

**भरतपुर महानगरपालिका,**

**भरतपुर, चितवन ।**

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner